नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

मुद्दा-: अभद्र व्यवहार।

मि.नं.- २०६, दायर मिति-: २०८०/०६/२३

फैसला मिति- २०८१/०३/१०

वादी

रिना कुमारी सहनीको जाहेरीले

नेपाल सरकार.........................१

प्रतिवादी

जिल्ला पर्सा पकहामैनपुर गाउँपालिका वडा नं.२ बस्ने जगदिश दास तत्वाको छोरा अ.बर्ष ४३ को सोनालाल दास तत्वा. .........१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

१. प्रतिवादीले गाली गलौज गर्दै हातपातको प्रयास गर्दै अभद्र व्यवहार गरेको भन्ने दरखास्त जाहेरी।
२. प्रतिवादीले जाहेरवालीलाई गाली गलौज गर्दै हातपातको प्रयास गर्दै अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. जाहेरवालीलाई अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका संजय दास तत्वा समेतको घटनाविवरण कागज ।
४. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको ईन्कारी बयान ।
५. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र ।
६. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र ।

## ठहर-खण्ड

यसमा प्रतिवादी सोनालाल दास तत्वाले ईन्कारी बयान गरेता पनि मिति २०८०।४।१ गते अ.२२:०० बजेको समयमा जिल्ला पर्सा पकहामैनपुर गा.पा.वडा नं.१ स्थित आफ्नै घरकोछतमा बसिरहेको अवस्थामा बिपक्षी सोनालाल दास तत्वा आई बिभिन्न किसिमका आरोप लगाई मुख छाडी गाली गलौज तथा हातपातको प्रयास गर्दै अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटना विवरणको साक्षीहरुले गरी दिएको कागज समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी सोनालाल दास तत्वालाई जरिवाना रकम रु.१०००/- अक्षेरपी एक हजार मात्र गर्ने । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१. माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी सोनालाल दास तत्वालाई ठहरेको जरिवानाको हकमा र.नं.५७२/२०८१/०२/२४ बाट दाखिला गरेको रकम रु.१०००/- बाट जरिवना रकम रु.१०००/- कट्टी गर्नु ------------------------------------------------------------------- १
२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु---------------१
३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु--------------------------------------------------------------------१
४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु--------------------------------१

दिनेश सागर भुसाल
प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८१ असार महिना १० गते सोमवार रोज २/ ने.सं. ११४४ तछलागा तृतिया,शुभम् ........